स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



‘प्रेमगीत’पछि अभिनेता प्रदीप खड्काले वर्षमा एक वा दुईवटा फिल्ममा काम गर्दै आइरहेका थिए । अब भने उनले काम गर्ने शैली बदलेका छन् । उनले दुई हप्ताअघि फिल्म ‘पूजार सार्की’को छायांकन सकाएका थिए । अब उनले बैशाखपछि ‘पिताम्बर’, ‘एक्टर’ र ‘ऐरी’मा काम गर्नुपर्नेछ । तर, यतिबेला उनी अमेरिकामा छन् । ‘पूजार सार्की’को छायांकन सकिएको केही दिनमै उनी अमेरिका उडेका थिए । प्रदीपको साथमा ‘ऐरी’ निर्देशक जीवन थापा पनि छन् । अमेरिकामा फिल्मको केही तयारी गरिएको हुनसक्ने देखिन्छ ।

**आजको विचार...**



कृष्ण बोहरा

हाम्रो...

(दुई पेजमा)

अभिनेत्री निशा अधिकारी ‘ब्युटी विथ ब्रेन’ पनि हुन् । अभिनयसँगै सञ्चारकर्मको पनि लामो अनुभव उनीसँग छ । अध्ययनशील अभिनेत्रीको कोटीमा पर्ने निशा बेलाबखत विभिन्न कारणले पनि चर्चामा आउँछिन् । यतिबेला उनलाई लिएर नयाँ खबर छ । उनी विद्यावारिधिको तयारीमा जुटेकी छिन् । त्रिभुवन विश्वविद्यालयमा आफूले द्वन्द्व, शान्ति र विकास विषयमा पीएचडी गर्न लागेको खबर उनले सामाजिक संजालबाट दिएकी छिन् । पीएचडी गर्ने निशाको यो पोस्टलाई सामाजिक सञ्जालमा धेरै शुभकामना मिलिरहेको छ ।



❐ वर्ष २९ ❐ अंक २४५ ❐ २०८० चैत २२ गते बिहीबार 4 April 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### १३ जना माओवादीको मृत्यु

(रासस/एएफपी)

**नयाँदिल्ली,** चैत २१/मध्य भारतमा भएको झडपमा कम्तीमा १३ जना माओवादी विद्रोहीको मृत्यु भएको प्रहरीले बुधबार जनाएको छ । छत्तीसगढ राज्यको बिजापुर जिल्लाको दुर्गम जंगलमा मंगलबार सुरक्षा बलसँग गोली हानाहान भएको थियो । स्थानीय प्रहरी प्रमुख पी सुन्दरराजले अधिकारीहरूले राइफल, मेसिन गन र गोलाबारुद ठूलो परिणममा जफत गरेको बताए । मृतकहरुको पहिचान हुन बाँकी रहेको बताउँदै सुन्दरराजले मृतकमध्ये तीन जना महिला रहेको बताए । प्रहरीले उपलब्ध गराएको तथ्याङ्क अनुसार यस वर्ष भारतमा ५० जना भन्दा बढी माओवादी मारिएका छन्, जसमध्ये सबैभन्दा बढी ४६ जना छत्तीसगढमा र अन्य चार महाराष्ट्र राज्यमा मारिएका छन् । मध्य, दक्षिणी र पूर्वी राज्यहरूमा फैलिएको विद्रोही बहुल “रेड करिडोर” मा माओवादी विद्रोहीहरूसँग लड्न भारतले दशौं हजार सुरक्षाकर्मी तैनाथ गरेको छ । नक्सलवादी भनेर चिनिने र ग्रामीण गरिबहरूका लागि लडिरहेका विद्रोहीहरूले सन् १९६७ देखि छापामार आक्रमण गरिरहेका छन् । भारत सरकारले दुर्गम क्षेत्रहरूमा पूर्वाधार विकासमा लाखौं डलर खर्च गरेको छ । सन् २०१० मा ९६ जिल्लामा फैलिएको माओवादी प्रभाव सन् २०२३ मा ४५ जिल्लामा सीमित भएको छ ।

# मुख्यमन्त्री चौधरीले पाउलान् त विश्वासको मत ? यस्तो छ अंकगणित

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत २१/लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले आज प्रदेशसभाबाट पुन: विश्वासको मत लिदै छन् । अपराह्न ४ बजे बस्ने प्रदेश सभाको चौथो अधिवेशनमा मुख्यमन्त्रीले विश्वासको मत लिने कार्यसूची तय भएको प्रदेशसभा सचिवालयका प्रमुख सचिव दुर्लभकुमार पुन मगरले एनजेडीलाई जानकारी दिए । उनका अनुसार प्रदेश प्रमुख अमिक शेरचनले नेपालको संविधानको धारा १८३ उपधारा (१) र लुम्बिनी प्रदेशसभा नियमावली २०७९ को नियम ३ को उपनियम १ बमोजिम प्रदेशसभाको बैठक आह्वान गरेका हुन् ।



माओवादीले फागुन २३ गते समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री चौधरी अल्पमतमा छन् । संविधान अनुसार मुख्यमन्त्री चौधरीले अल्पमतमा परेको ३० दिन अर्थात् २२ चैतभित्र विश्वासको मत लिइसक्नुपर्ने कानूनी व्यवस्था छ । सो प्रावधान अनुसार उनले विश्वासको मत लिन लागेका हुन् । चौधरी ५३ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री भएका थिए । तर केन्द्रको समिकरण अनुसार उनको नेतृत्वको सरकार संकटमा पर्न थालेपछि पुन: विश्वासको मत लिनुपर्ने अवस्था आएको हो । मुख्यमन्त्री चौधरीले अन्तिमसम्म सरकार जोगाउने प्रयास गरिरहेका छन् । उनले आफ्नै नेतृत्वमा सरकारलाई निरन्तरता दिन प्रयास गरे पनि पाउन सक्ने अवस्था भने कठिन नै छ । यद्यपी बहुमत जुटाउने प्रयासमा भने उनी सुरु देखि नै लागिरहेका छन् । स्रोतका अनुसार चौधरी बिहीबार प्रदेशसभा बैठकमा आफ्नो पक्षमा बहुमत विश्वासको मत लिने र नपुगे सम्बोधन गरेर राजीनामा दिने तयारीमा छन् ।

**पुग्छ त बहुमत ?**

अहिले प्रदेशसभामा ८६ सांसद छन् । आवश्यक बहुमतका लागि ४४ जना सांसद चाहिन्छ । यहाँ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २९, नेपाली काँग्रेसका २७, माओवादी केन्द्रका १० (सभामुख बाहेक), राप्रपा र नागरिक उन्मुक्तिका चार/चार जना सदस्य छन् । राप्रपाका जानकीलाल यादव भ्रष्टाचारको मुद्दा दायर भएपछि निलम्बित छन् । जनता समाजवादी, लोकतान्त्रिक समाजवादी र जनमत पार्टीका तीन/तीनजना प्रदेशसभा सदस्य छन् भने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाका एक/एकजना प्रदेशसभा सदस्य छन् । साथै एक जना स्वतन्त्र प्रदेशसभा सदस्य छन् । नयाँ गठबन्धनमा एमाले, माओवादी, जसपा, नेकपा एस र एक जना ‘माओवादी निकट’ स्वतन्त्र प्रदेश सभा सदस्यलाई समेटेर सरकार बनाउने तयारी भइरहेको छ । सत्तापक्षका दलहरूले नागरिक उन्मुक्तिले पनि माओवादी नेतृत्वमा बन्ने सरकारलाई समर्थन गर्ने दाबी गर्दै आएका छन् । तर, नागरिक उन्मुक्ति भने अनिर्णित छ । कांग्रेस नेतृत्वको सरकारलाई लोसपा, जसपा, नागरिक उन्मुक्ति, जनमत, नेकपा एस र राष्ट्रिय जनमोर्चाको समर्थन छ । संघीय सरकारमा नयाँ गठबन्धनमा सहभागी भएको जसपाले अहिलेसम्म पनि सरकार छोडेको छैन । त्यस्तै नेकपा एसले पनि समर्थन फिर्ता लिएको छैन । दुवै दलले समर्थन फिर्ता नलिएको र ४ प्रदेश सभा सदस्य (एक निलम्बन) रहेको राप्रपाले पनि कांग्रेसलाई समर्थन गर्ने संकेत गरेका छन् । त्यसैले मुख्यमन्त्री चौधरीले नागरिक उन्मुक्ति र माओवादीनिकट स्वतन्त्र प्रदेश सभा सदस्यलाई पनि मन्त्री बनाएर सरकार जोगाउने प्रयासमा छन् । राप्रपा तटस्थ बसेको अवस्थामा एमाले माओवादी गठबन्धनको बहुमत पुग्ने अवस्था आउने र राप्रपाले वर्तमान मुख्यमन्त्री चौधरीलाई समर्थन गरेको अवस्थामा मधेशवादी दल, राप्रपा र राष्ट्रिय जनमोर्चासमेत गर्दा चौधरीको पक्षमा ४१ मत पुग्नेछ । मुख्यमन्त्रीले बाँकी २ मतका लागि स्वतन्त्रबाहेक पनि अन्य दलको १ मतमा भर पर्नुपर्छ । जुन सहज देखिदैन ।

## राष्ट्रियसभा उपाध्यक्षको निर्वाचन चैत २८ मा




**पाल्पा,** चैत २१/राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचन यही चैत २८ गते बुधबार हुने भएको छ । राष्ट्रिय सभाको बुधबारको बैठकमा अध्यक्ष नारायण दाहालले राष्ट्रियसभा उपाध्यक्षको निर्वाचन २८ गते हुने जानकारी दिएका हुन् ।

उपाध्यक्ष उर्मिला अर्याललले पदबाट राजीनामा दिएपछि सो पद खाली रहँदै आएको थियो । उपाध्यक्ष पदको निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशन गर्न सभाध्यक्ष दाहालले संघीय संसदका महासचिव पदमप्रसाद पाण्डेयलाई निर्देशन दिए । राष्ट्रिय सभामा अध्यक्ष र उपाध्यक्ष एकै दल र एकै लिंगको हुन नपाउने व्यवस्था छ । अध्यक्ष निर्वाचित भएका दाहाल नेकपा माओवादी केन्द्रबाट निर्वाचित भएका हुन् । दाहाल अध्यक्ष भएपछि माओवादी केन्द्रबाटै उपाध्यक्ष बनेकी अर्याललले राजीनामा दिएकी हुन् । यसअघि गठबन्धनमा उपाध्यक्ष नेकपा एमालेलाई दिने सहमति भएको थियो । तर पछि नेकपा एस मिसिएपछि नयाँ सहमतिमा त्यो बुँदा हटाइएको थियो । वर्तमान सत्ता गठबन्धनमा राष्ट्रिय सभाको उपाध्यक्ष नेकपा एकीकृत समाजवादीले पाउने सहमति भइसकेको छ ।

## व्यवसायिक आलु खेतीबाट मनग्य आम्दानी

**गुल्मी,** चैत २१/यहाँका किसान व्यावसायिक रुपमा आलु खेती गरेर मनग्य आम्दानी गर्न थालेका छन् । जिल्लाको मुसिकोट नगरपालिका, रुरुक्षेत्र, मदाने, सत्यवती र मालिक गाउँपालिकाका किसान व्यवसायिक आलु खेती मार्फत आत्मनिर्भर बनेका छन् ।

यहाँको रुरुक्षेत्र गाउँपालिका-५ स्थित बम्घाको टाहाटिममा स्मार्ट कृषि गाउँ कार्यक्रम मार्फत व्यवसायिक रुपमा आलु उत्पादन गरिँदै आइएको छ । त्यस क्षेत्रमा ६० घरपरिवार आलु र तरकारी पकेट समूह बनाएर स्मार्ट कृषि गाउँ कार्यक्रममा आवद्ध छन् । यहाँका किसानले पाँच हेक्टर जमिनमा आलु खेती गरेर वार्षिक ९० मेट्रिकटनभन्दमा बढी आलु उत्पादन गर्दै आएको स्थानीय किसान मेघराज गिरीले जानकारी दिए । बम्घा टाहाटिमकी राधिका गिरीले खेत र



बारी गरेर पाँच रोपनी क्षेत्रफलमा आलु खेती गरेकी छन् । उनको बारीमा र खेतमा गरेर यसपटक २० क्विन्टलभन्दा बढी आलु उत्पादन भएको छ । आलुसँगै गिरीले खेतमा धान, मकै, सिमी र काउली पनि उत्पादन गर्दै आएकी छन् । टाहाटिमका किसानहरु यतिबेला खेतमा आलु खन्न व्यस्त छन् । गत वर्षको तुलनामा यसपटक आलुले राम्रै बजार पाएको स्थानीय किसान मेघलाल गिरीले बताए । उनका अनुसार अहिले स्थानीय बजारमा प्रतिकिलो ४० मा धमाधम आलु बिक्री भइरहेको छ । लुम्बिनी प्रदेश सरकारमार्फत कृषि ज्ञान केन्द्र गुल्मीद्वारा टाहाटिममा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भइरहेको छ । बम्घाको टाहाटिममा दुई वर्षअघिदेखि स्मार्ट कृषि गाउँ कार्यक्रम सुरु भएको स्मार्ट कृषि गाउँ कार्यक्रम बम्घाका अध्यक्ष चेतनारायण श्रेष्ठले जानकारी दिए ।

कृषि ज्ञान केन्द्रले बीउ, मल, विषादी, मेसिन, सिँचाइ र बीउ संकलन केन्द्रसम्म पुऱ्याउन ढुवानी लगायतका क्षेत्रमा सहयोग गर्दै आएको कृषि ज्ञानकेन्द्र गुल्मीका प्रमुख नवराज भण्डारीले बताए ।

*(..बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## डढेलोको जोखिम कम गर्नेतर्फ ध्यान देऊ

चैत लागेसँगै देशभरका अधिकांश वन जंगलमा डढेलोका घटानाहरु बढेका छन् । प्रत्येक वर्ष नेपालका वन जंगलबाट बस्तीमा आगलागी भएकै हुन्छ । प्राकृतिक वा मानवीय कमजोरीले निम्त्याउने डढेलोले प्रत्येक वर्ष दुःख दिएकै छ । अत्यधिक गर्मी, लामो खडेरी, उच्च वेगको हावाहुरी लगायत कारणले दिनहुँ सयौंको संख्यामा डढेलो लाग्नु निश्चय नै चुनौतीको विषय हो । सामान्यतया नेपालमा फागुनदेखि जेठसम्म डढेलो बढी लाग्ने गर्छ । त्यसमा पनि विगत वर्षहरूको तुलनामा यो चैतमा डढेलोका घटनामा अत्यधिक वृद्धि हुने गर्दछन् । तर, राज्यसँग डढेलो नियन्त्रणको तयारी भने कहिल्यै हुँदैन । डढेलो नियन्त्रणका लागि राज्यसँग सोच नै छैन, संयन्त्र छैन र स्रोत साधन छैन् । सहर बजारमै भीषण आगलागी हुँदा वा डढेलो फैलदा निभाउने पर्याप्त वारुण यन्त्र छैनन् । नाम मात्रका छन् । वनजंगल त बर्सेनि हजारौं हेक्टरमा डढेलो लागेर क्षति हुँदै आएको छ ।

वनपाखामा आगो लाग्न नदिने उपाय उपभोक्ता र स्थानीयले पनि अपनाउनु पर्छ । डढेलोका हकमा हुँदै आएको हेलचेक्र्याइँ भविष्यमा दोहोरिनु हुँदैन । जगजाहेर छ कि विश्व तापमान वृद्धिले संसारभर नै डढेलोको प्रकोप निम्त्याएको छ । जसबाट नेपाल अछुतो छैन । जसै डढेलो लाग्छ वा आगलागीका घटना हुन्छन्, धनजनको क्षति हुन्छ । वन्यजन्तुको ज्यान जान्छ । वायु प्रदूषण हुन्छ । डढेलोकै कारण धेरैले अकालमै ज्यान गुमाउनु परेको छ । डढेलोबाट जोगिने हो भने त्यो जोखिमको पूर्वतयारी छिटै गर्नुपर्छ । डढेलोबाट बच्ने र बचाउने उपायको खोजी वा पूर्वतयारी गर्न ढिलाई गर्नु हुँदैन । एक त डढेलो लाग्नै नदिने उपाय गर्नु सबैभन्दा बुद्धिमत्तापूर्ण काम हो । मानिसहरुको लापरवाही वा जानाजान डढेलो लाग्छ भन्ने अध्ययनहरूले देखाएका छन् । त्यसका लागि जनचेतना जगाउन आवश्यक छ । नियतबस र हेलचक्र्याई गरी वनमा आगो झोस्नेहरूलाई कारवाही हुँदैन । यसले गर्दा पनि डढेलोका घटनाहरु बढ्ने गर्दछन् । त्यसका कारण आगो लगाउने जो कोहीलाई पनि कारवाहीको दायरामा ल्याउनै पर्छ । यसो गर्न सकियो भने पनि केही हदसम्म डढेलोको जोखिम कम गर्न सकिन्छ । यसर्थ यसतर्फ सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

उच्च विचार भएको मान्छे ज्ञान विज्ञानको कुरा गर्छ, मध्यम विचार भएको मान्छे विषय वस्तुको कुरा गर्छ, निम्न विचार भएको मान्छे अरुको कुरा गर्छ ।
(अन्जु थापाको फेसबुक स्टाटस *https://www.facebook.com/anju.thapa*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हाम्रो लोकतान्त्रिक व्यवस्थाका अलोकतान्त्रिक पक्षहरु



कृष्ण बोहरा

*सामान्यतया दलहरूमा दलगत स्वार्थ हुनु स्वभाविक हो । तैपनि समाज र राष्ट्रभन्दा दल ठुलो हुन सक्दैन । आफ्नो स्वार्थ पूरा गर्न खुरुखुरु सत्ता ढाल्ने खेलमा मात्र सामेल हुन्छन दलहरू । सत्ताको लागि बारबार भइरहने दलहरूको झगडा तपाईं हामीले हेरेका छौँ र बास्तविक जीवनमा भोगिरहेका पनि छौं । यसबाट अस्थिरता देशको विशेषता बनिरहेको छ । जसबाट देश झन् झन् कमजोर बनिरहेको छ । राज्य शक्तिको स्रोतबाट दलका नेताहरूले आआफ्नो पहुँचअनुसार आम्दानी पनि गर्ने गर्दछन् । आम्दानी गर्ने गरेको तथ्य पनि उनीहरूको आलिसान बंगला र रहनसहनले बताइरहेकै छ ।*

कुनै पनि कुराको सबल पक्ष र निर्बल पक्ष दुबै हुन्छन् । हाम्रो संसदीय व्यवस्थाको पनि सबल र निर्बल दुबै पक्ष विद्यमान छन् । यसमा भएका सकारात्मक पक्ष पनि थुप्रै छन् । हामी निर्बल वा गलत पक्षलाई अंगीकार गर्न सक्षम छौं, तर सबल पक्षलाई अँगाल्न हामीलाई भालुको कन्पट समाए झैं हुन्छ । लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष नै बोल्ने लेख्ने र आफ्नो विचार अभिव्यक्त गर्न पाउने अधिकार हो । जनताका मौलिक अधिकार संविधानमै किटानीसाथ उल्लेख गरिएको हुन्छ । हाम्रो देशको संविधानमा लेखनको सुरुमा नै सार्वभौमसत्ता जनतामा भनी उल्लेख गरिएको छ । निरंकुश व्यवस्थाको विकल्पमा यो व्यवस्था प्रयोगमा ल्याइन्छ । हाम्रो देशमा पनि पहिले सक्रिय राजतन्त्रको विकल्पमा संवैधानिक राजसंस्था अंगीकार गरिएको हो । राजा ज्ञानेन्द्र संविधानको अधिनमा बस्न नचाहेपछि राजतन्त्र पनि हटाई गणतन्त्र प्रयोगमा ल्याइयो । पञ्चायती व्यवस्था हुँदा राजा र राजसंस्थाको बारेमा कसैले एक शब्द बोल्न पाउँदैन थियो । चाहे राजा र राजपरिवारले जतिसुकै गल्ती गरेको किन नहोस् । संसदीय व्यवस्थाको सकारात्मक पक्षहरूको यस लेखमा धेरै चर्चा गर्न चाहन्न । किनभने यस्तो चर्चा रावणको अगाडि लंकाको वर्णन गरेको जस्तो हुन सक्छ । हाम्रा शीर्ष नेताहरू जो पटकपटक राज्यका उच्च आसनमा बसेर शासन सञ्चालन गरिसक्नुभएको छ । उहाँहरूको दिनहुको भाषणमा यस व्यवस्थाका सकारात्मक पक्ष र फाइदाको बारेमा कैयौं चोटी चर्चा भइसकेको छ । यसैले म यसका नकारात्मक पक्षको बारेमा केही चर्चा गर्ने कोशिस गर्नेछु । जसबाट हाम्रो व्यवस्थाका नकारात्मक पक्षलाई चिनेर यसलाई सुधार गर्न आवश्यक छ भन्ने कुरा सबैलाई महसुस होस् भन्ने मुख्य उद्देश्य सम्झेको छु ।

मैले ९-१० कक्षाका स्कुले जीवनमा संसदीय व्यवस्था असफल हुनुका कारणहरू बारे पुस्तकमा पढेको थिएँ । पञ्चायत नामक एउटा छुट्टै विषय त्यो समयमा पढ्नुपर्थ्यो । कारण त्यो समय पञ्चायत शासन प्रणाली राज्यमा सञ्चालित थियो । २०१७ शालमा संसदीय व्यवस्था मासेर राजा महेन्द्र शाहले पञ्चायती व्यवस्था लागू गर्नुभएको हो । बिपी कोइरालाको जननिर्वाचित सरकार र त्यसबेलाको जननिर्वाचित संसद्लाई नै विघटन गरेर राजा महेन्द्रले पञ्चायती व्यवस्थाका नाममा आफैंले प्रत्यक्ष शासन सुरु गर्नुभयो । महेन्द्रले तत्कालीन जननिर्वाचित प्रधानमन्त्रीलाई नै निकै लामो समयसम्म कैदमा राख्नुभएको थियो । यसैले राजा महेन्द्रले सबैभन्दा निरंकुश राजाको रूपमा चर्चा पाउनुभएको हो । मलाई पञ्चायत भन्ने पुस्तक पढ्न पटक्कै जाँगर चल्दैनथियो । यस पुस्तकमा संसदीय व्यवस्था असफल हुनुका कारणहरूको चुरो कुरो दलगत स्वार्थलाई इंकित गरेको थियो । झरीमा च्याउ पलाए झैं पलाएका दलहरू त्यसबेला पनि विद्यमान थिए । राज्य शक्तिमा आएर मिष्ठान्न भोजन गर्न पाइन्छ भन्ने त्यसबेलाका दलहरूलाई पनि थाहा नहुने कुरै भएन । दलहरूले दलगत स्वार्थ मात्र हेरे, समाज र देशको स्वार्थ हेरेनन् भन्ने थियो । यस कुरालाई निरंकुश राजाका वाणीको रूपमा मात्र बहुदलीय व्यवस्थाका हिमायतीहरूले प्रचार गरे, हामीले पनि यसरी नै बुझ्यौं । अहिलेको बहुदलीय व्यवस्था वा लोकतान्त्रिक गणतन्त्रमा पनि उक्त दलगत स्वार्थको कुरा पुनः दोहरिएको छ । यसबाट यो दलगत स्वार्थ के रहेछ भन्ने कुरा उसबेला किताबमा मात्र पढेका थियौं । अहिले बास्तविक व्यवहारमा देखियो भोगियो पनि । सामान्यतया दलहरूमा दलगत स्वार्थ हुनु स्वभाविक हो । तैपनि समाज र राष्ट्रभन्दा दल ठुलो हुन सक्दैन । आफ्नो स्वार्थ पूरा गर्न खुरुखुरु सत्ता ढाल्ने खेलमा मात्र सामेल हुन्छन दलहरू । सत्ताको लागि बारबार भइरहने दलहरूको झगडा तपाईं हामीले हेरेका छौँ र बास्तविक जीवनमा भोगिरहेका पनि छौं । यसबाट अस्थिरता देशको विशेषता बनिरहेको छ । जसबाट देश झन् झन् कमजोर बनिरहेको छ । राज्य शक्तिको स्रोतबाट दलका नेताहरूले आआफ्नो पहुँचअनुसार आम्दानी पनि गर्ने गर्दछन् । आम्दानी गर्ने गरेको तथ्य पनि उनीहरूको आलिसान बंगला र रहनसहनले बताइरहेकै छ । यसबाट संसदीय व्यवस्थामा सबैभन्दा ठूलो शीर्ष नेताको स्वार्थ, त्यसपछि दलको स्वार्थ सर्वोपरी भएको पुष्टि हुन्छ । समाज र देशको स्वार्थ निम्न कोटीमा झर्न बाध्य भएको छ ।

यही दलगत झगडामा सर्वश्रेष्ठ हुन केही वर्षअघि हाम्रा क्रान्तिकारी नेता कृष्णबहादुर महराले चिनियाँ पक्षसँग सांसद खरिद गर्न ५० औं करोड माग गरेको अडियो बाहिरिएको थियो । यस भन्दाअघि शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा सांसदलाई आफ्नो पक्षमा राख्न सुरासुन्दरी काण्ड पनि बाहिरिएको हो । पजेरो संस्कृति भित्र्याउने पनि उनै हुन् । एमालेका सांसदहरू यसभन्दा अघि सादा जीवन उच्च विचारका भन्ने लागेको थियो । पजेरो संस्कृतिले नेताहरूको रूपलाई बदनाम बनायो । समयक्रमसँगै आजकल सांसदहरूको जिम्मामा पाँच करोडको बिकास बजेट दिने नीति पनि आयो । यसले सांसदहरूलाई बदनाम बनाइरहेको छ । अधिकांशमा यस्ता कार्यले राम्रो नतिजा नआउने कुरा पक्का छ । पाँच करोडको बाक्लो दालले क-कसको मुख बिग्रे ठेगान छैन । देशमा केही गर्छौं भनी आएका नयाँ दलहरू पनि छन् । यस्ता गलत नीतिले राम्रा मानिसहरूलाई पनि नराम्रो बनाउन भूमिका खेल्ने नै छ । यसैले आज एउटा छुट्टै बहस गर्नुपर्ने बेला भएको छ । विद्यमान विकृति र विसंगतिमा दोषी को हो ? नेता हो कि नीति दोषी हो ? खराब संस्कार र खराब संस्कृतिमा हुर्केका हाम्रा नेता र यस्तै खालका नेताहरूले आफूलाई सप्ठ्यारो पार्न बनाउने नीति पनि उत्तिकै दोषी देखिन्छन् । विकृति विसंगतिहरू त थुप्रै छन् । तैपनि यसलाई मुख्यतः निम्न शीर्षकहरूमा केही प्रष्ट पार्न कोशिस गरिएको छ ।

### अल्पमतको शासन

हाम्रो लोकतान्त्रिक गणतन्त्रमा बहुमतको शासन अल्पमतको विपक्ष भन्ने कुरा सिद्धान्तमा स्वीकारिएको छ । बहुमत जनताको मतबाट चुनिएका प्रतिनिधिले शासन सञ्चालन गरिने भएकाले यो लोकतन्त्र र प्रजातन्त्र हो भनी स्वीकारिएको हो । सिद्धान्ततः बहुमत भनिए पनि बास्तविक व्यवहारमा यो अल्पमतको शासन हो । जस्तो कि हाम्रो संसदीय चुनावमा माने लिउँ पहिलो भोट ल्याउनेले ३० हजार मत ल्यायो दोस्रो हुनेले २८ हजार मत ल्यायो, तेस्रो हुनेले २० हजार मत ल्यायो । दोस्रो र तेस्रोको मत जोड्दा ४८ हजार त्यसै भइसक्यो । अब भन्नुहोस् ३० हजार र ४८ हजारमा कुन बहुमत ? यसरी बहुसंख्यक जनताले जहिले पनि अल्पमतलाई मान्नुपर्ने बाध्यता रहिरन्छ । अधिकांश ठाउँमा यस्तै प्राविधिक जितलाई जितुवाको माला पहिऱ्याइएको हुन्छ । बहुमत जनताले हार्नु पर्ने त्रुटिपूर्ण अवस्थाले गर्दा जहिलेसुकै अराजक अवस्थाको सामना सरकार पक्षले गर्नुपर्ने कारण त्यो पनि हो ।

### जनताले प्रत्यक्ष चुन्न नपाएको सरकार प्रमुख

सरकार प्रमुख या प्रधानमन्त्री जनताको प्रत्यक्ष मतबाट चुनिएको नहुनु पनि समस्याको एउटा कारण हो । सांसदहरूको बहुमतबाट प्रधानमन्त्रीले बिश्वासको मत लिने प्रचलन छ । सांसदहरू स्वयं प्राविधिक रूपबाट मात्र बहुमत भई विजय प्राप्त गरेका हुन्छन् । बहुमत जनताको विश्वास सांसदसँग पनि हुँदैन । यसैले यो प्राविधिक रूपबाट मात्र बहुमतको सरकार हो । किनकी बहुमत जनता यस्तो निर्वाचन प्रणालीमा जहिले पनि विपक्षमा हुन्छन् । व्यावहारिक रूपबाट यसलाई जनअल्पमतको सरकार भन्न सकिन्छ । सरकार अल्पमतको भएकाले यस्तो सरकारले व्यापक विरोधको सामना गर्नुपर्ने अपरिहार्य अवस्था हो । व्यापक जनताको असन्तुष्टिको बाबजुद सरकार प्रमुखको छनौट हुने भएकाले यस्तो सरकार सधैं अलोकप्रिय हुन्छ । अर्थात देशभरिका जनताको प्रत्यक्ष मतबाट सरकार प्रमुख चुनिए सरकार पनि लोकप्रिय बन्ने सम्भावना अत्यधिक हुन्छ ।

### राजशी शैली

राजाको शासन र शैली मन परेन राजा निरंकुश भए भनी राजतन्त्र फालियो । लोकतन्त्र प्राप्ति पछि अली फरक शैलीको अपेक्षा जनताहरूको थियो । तर लोकतन्त्रमा पनि नेताहरूको रहनसहन त राजाको भन्दा पनि ऐयासी देखिन थाल्यो । आलिसान महल, पजेरो संस्कृति र गाडी चढ्ने र ओर्लने बेला ढोका खोल्ने छुट्टै मानिसको व्यवस्था, छाता ओढाइदिने मानिस र सामान्य खोला नदी तर्दा पनि बोकेर तारिदिने मानिसको व्यवस्थाले यहि कुरालाईं इंकित गरेको छ । राष्ट्रपति र प्रधानमन्त्रीको सवारी हुँदा घण्टौंसम्म सडक जाम पारी सर्वसाधारण जनतालाई सास्ती दिने शैलीलाई कुन शैली भन्ने खै ? हाम्रो संविधानको सुरुमै सार्वभौमसत्ता जनतामा लेखिएको छ । व्यवहारमा कहाँनिर यस भावनालाई मुखरित गरेको छ ? सबै किताबको खोष्टोमा सीमित देखिन्छ ।

### बिचौलियाको धन्दा

कृषि क्षेत्रमा बिचौलियाका कारण किसान र उपभोक्ता दुबैलाई मार परेको छ । जुनसुकै ठाउँमा बिचौलियाको जगजगी छ । तस्करी, कालो बजारी र यिनै बिचौलियासँग मन्त्री प्रधानमन्त्री र ठुला नेताको उठबस हुन्छ । देशको अर्थतन्त्रमा यस्तै काला कर्म गर्नेहरूको वर्चस्व रहिआएको छ । राष्ट्रिय स्वार्थलाई सर्वोपरी मानेर काम गर्ने कुनै पनि शीर्ष नेता भेट्न मुस्किल छ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्या : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

**मेष** :बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ, सानो प्रयत्नले ठूलो काम बन्नेछ।
**वृष** :पारिवारिक जमघटका बीच स्वादिष्ट खानपानको अवसर प्राप्त हुनेछ ।
**मिथुन** :परिस्थितिले आकस्मिक खर्च गराए पनि जुटाउन सकिनेछ ।
**कर्कट** :आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट लाभ हुनेछ।
**सिंह** :समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ ।
**कन्या** :अवसर आए पनि नयाँ काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला।
**तुला** :परिस्थितिले चुनौतीहरू निम्त्याए पनि गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला ।
**वृश्चिक** :सोखले खर्च निम्त्याए पनि कपडाले व्यक्तित्वमा निखारता ल्याउनेछ।
**धनु** :स्रोतसाधन जुट्नाले लक्ष्य प्राप्ति हुनेछ। हिम्मतले काम लिँदा फाइदा हुनेछ।
**मकर** :अप्ठ्यारा परिस्थिति सुल्झाउन केही समय जुट्नुपर्ला ।
**कुम्भ** :हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला।
**मीन** : उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ ।




भाषा प्रशिक्षण — कवीन्द्र लम्साल

# यसरी गरौं श, ष र स वर्णको प्रयोग




१. देवनागरी लिपिका श, ष र स वर्णको उच्चारण भिन्नभिन्नै हुने भए तापनि नेपाली भाषीको जनजिब्राले पृथक्-पृथक् उच्चारण गर्न गाह्रो मानी केही अपवादबाहेक सबैलाई 'स' नै उच्चारण गर्ने गरेको पाइन्छ ।

२. नेपाली भाषामा लेख्य रूप र उच्चार्य रूपबीच केही मात्रामा फरक छ । उच्चारण सकार नै गरे पनि लेख्ने क्रममा भने यी तीनै वर्णको प्रयोग गरिन्छ ।

३. मूलत: तत्सम शब्दका हकमा यी तीनै वर्णको प्रयोग गरिन्छ ।

४. तद्रुभव शब्द, नेपाली मूल शब्द र आगन्तुक शब्दमा केवल 'स'को प्रयोग गर्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको नीतिअनुरूप शब्दकोशसमेत सोही अनुसार निर्माण गरिएको छ ।

५. तत्सम शब्दमा यी तीन वर्णको प्रयोग कसरी गर्ने भन्ने सम्बन्धमा किटान गरी भन्न सकिने स्थिति हुँदैन । शब्दहरूको प्रयोग र अभ्यासले नै अभ्यस्त बनाउने हो ।

६. यहाँ श, ष र स को प्रयोग कसरी गर्ने भन्ने सम्बन्धमा यहाँ सामान्य जानकारी दिने प्रयास गरिएको छ ।

**क. श को प्रयोग**

- श वर्णलाई तालव्य श थवा मोटो श समेत भनिन्छ ।
- नेपाली मूल, तद्भव तथा आगन्तुक शब्दमा श वर्णको प्रयोग गरिँदैन ।
- तत्सम शब्दमा सामान्यतया च-वर्ग (चदेखि ञसम्म) का बीचमा गरिन्छ । जस्तै: पुनश्रुच, निश्रुचित, निश्रुछल, निश्रुचल, निश्चिन्त, दुश्चक्र आदि ।
- काश शब्दसँग जोडिएर आउने शब्दहरूमा : प्रकाश, अवकाश, आकाश, विकाश (विकास छुट्टै, विकाश छुट्टै) आदि ।
- श्वसँग जोडिएर आउने शब्दमा : श्व (कुकुर), श्वास, प्रश्वास, विश्व, विश्वास, आश्वासन, विश्वव्यापीकरण आदि ।
- आशासँग जोडिएर आउने शब्दमा : आशा, निराशा, आशावादी, आशाजनक आदि ।
- शिक्ष् धातुबाट बन्ने सबै शब्दमा : शिक्षा, शिक्षित, शिक्षक, शैक्षिक, शिक्षण आदि ।
- शासन, शासक, शासित, अनुशासन, प्रशासन आदि ।

**ख. ष को प्रयोग**

- ष वर्णलाई मूर्धन्य ष अथवा पेट फाऱ्यो ष समेत भनिन्छ ।
- नेपाली मूल, तद्भव तथा आगन्तुक शब्दमा ष वर्णको प्रयोग गरिँदैन ।
- तत्सम शब्दमा सामान्यतया मूलत: ट-वर्ग (ट देखि ण वर्णसम्म) का बीचमा ष वर्णको प्रयोग गरिन्छ । उदाहरणका लागि : सृष्टि, दृष्टि, द्रष्टव्य, वृष्टि, पृष्ठ, पृष्ठभूमि, राष्ट्र, राष्ट्रिय, उष्ट्र ( उँट), उष्ण, विष्णु, कृष्ण, उत्कृष्ट, निकृष्ट, गोष्ठी, षष्ठी आदि ।
- दुस्/निस् उपसर्गभन्दा पर कवर्ग वा पवर्गका कुनै शब्द आएमा सकार षकारमा रूपान्तरण हुन्छ ।

**उदाहरणका लागि**

निस् + काम = निष्काम
निस् + कर्ष = निष्कर्ष
निस् + प्राण = निष्प्राण
दुस् + कर्म = दुष्कर्म
दुस् + प्रभाव = दुष्प्रभाव
दुस् + प्रयास = दुष्प्रयास
दुस् + कृति = दुष्कृति

- त्यस्तै, परिष्कृत, परिष्कार आदि ।
- ष प्रयोग हुने अन्य केही शब्दहरू : सुषमा, षड्दर्शन, षड्यन्त्र आदि ।

**ग. स को प्रयोग**

- स वर्णलाई दन्त्य, तालु दन्तमूलीय, पातलो स समेत भनिन्छ ।
- सबै नेपाली मूल, तद्भव र आगन्तुक शब्दमा स वर्णको प्रयोग गरिन्छ ।
- तत्सम शब्दमा पनि स वर्णको प्रयोग गरिन्छ ।
- स वर्णको प्रयोग हुने सबै नेपाली धातु वा क्रियापदमा गर्ने : सक्नु, रिसाउनु, सकाउनु, सेक्नु, बिसाउनु, स्याहार्नु, सुधार्नु, सुत्नु, सुताउनु, सुकाउनु आदि सबै ।
- नेपाली मूल वा तद्भवमा स वर्ण प्रयोग गर्ने : सिमाना, सिसा, सिधा, सोझो, सधैँ, सबै, सक्कल, सकस, ढाडस, सद्गत, त्यस, यस, यस्तो, त्यस्तो, साल, सात, साथ, सास, साग, साख, सादा, सारी, सरसफाइ, सास्ती, सासू, ससुरा, साली, साथी, सानी, सेती, बैसाखी आदि ।
- नेपालीमा अङ्क (१-२-३..९) लेख्ने क्रममा स वर्णको प्रयोग गर्ने : सात, बिस, बाइस, एक्काइस, चालिस, पचास, साठी, सत्तरी, असी, सय आदि (तर तत्समका रूपमा दश नै) ।
- आगन्तुक शब्दमा स वर्णको प्रयोग गर्ने : सहर, सहिद, सिफारिस, भरोसा, सोफा, सफा, सुल्फा, सुरुवाल, सुरु आदि ।
- स वर्णको प्रयोग हुने केही तत्सम शब्द : सु उपसर्ग लाग्ने शब्द (सुशासन, सुअवसर, सुशान्ति, सुव्यवस्था आदि सबै), समय, स्वर्ग, सक्षम, सहित आदि ।

***अन्त्यमा,*** यस लेखमा प्रस्तुत गरिएका विषयवस्तु सामान्य जानकारीका लागि दिइएका हुन् । यतिमात्रै पर्याप्त हुँदैन तथापि थोरै भए पनि जानकारी मिल्नेछ भन्ने आशा लिन सकिन्छ । निरन्तर अभ्यास र वाक्यमा प्रयोगद्वारा नै उल्लिखित तीन वर्णको प्रयोगबारे अभ्यस्त हुन सकिन्छ ।

*-साहित्यपोस्ट डटकम*

बाल कविता

## विद्यार्थी बिरालो

*-युद्धप्रसाद मिश्र*

फलफूल चाहिँ नमिठो मान्छु
मासु पाए खुसीसित खान्छु
दही दूधको सौखिन भारी सारी
म हुँ बिरालो मुसा सिकारी

छैन कसैसित झगडा मेरो
कुकुरसितको केवल फाटो
टोक्न मलाइ जगर फुलाई
भुक्दै आउँछ छेक्दछ बाटो

भाषा कोमल हिक्मत चर्को
महुँ बिरालो: होइन अर्को
आफ्नो दाउ माथि पारी
आए त्यसकन पंजा मारी
नबनी नहुने पढ्न सामर्थ्य
नपढेको जुनी अर्थ न व्यर्थ

त्यसै हुनाले नसकी अड्न
आएँ स्कूल म पनि पढ्न
घडी हातमा बान्नु भएका
धेरै धेरै पर्ने दाम
आधा आँखा चिम्ली कुर्सीमा
गर्नु हुने आराम
हेल्मेट जसको नाउँ छ सिंगै
टाउको छोप्ने फलाम
मोटरसाइकलका हे मालिक
मास्टर साहेब, सलाम सलाम

*-साभार : साहित्य संग्रह डटकम*

बाल निबन्ध — कमल रिजाल

# जिउने कला



प्राय : हामी भएन र पुगेन भन्छौं तर किन भएन र पुगेन भन्नेतर्फ भने ध्यान दिन भ्याउँदैनौं । यसले गर्दा हाम्रो जीवन अधुरो र अपुरो हुन पुगिरहेको छ । जीवनमा अभाव छ, मनमा अशान्ति छ । संसारमा सबै आफ्नै लागि आएका हुन्छन् । अरूका लागि कोही पनि आउँदैनन्, आएका हुँदैनन् । त्यसैले कसैले केही दिएन भन्न पनि पर्दैन र कसैबाट केही पाइएन भन्न पनि पर्दैन । आफ्ना लागि आफैँले गर्ने हो, आफूलाई दिने भनेको पनि आफैँले नै हो । यदि कसैबाट केही पाउने आशा गर्ने हो भने उसलाई पनि दिनुपर्छ, दिन जान्नुपर्छ, सक्नुपर्छ । तब मात्र जीवन सन्तुलित हुन्छ र सुख पाइन्छ । होइन भने सधैँभरि हुने यस्तै हो । मानिलिनुस् तपाईलाई बस्न घर चाहिएको छ तर घर त्यसै बन्दैन । यसका लागि ढुङ्गा, माटो, बालुवा, काठपात आदि चाहिएलान् । त्यतिले मात्र पनि नपुग्ला । मानिसको सीप, कला, तिनलाई सिकाउने विद्यालय, पाठ्यक्रम, पाठ्यपुस्तक, तिनलाई तयार पार्ने मानिस, कलकारखाना पनि चाहिएला तर तिनीहरूबाट त्यति बेला मात्र सहयोग पाउन सकिन्छ जतिबेला उनीहरूप्रति पनि केही गर्ने गरिएको छ । होइन भने खोज्न त सकिन्छ तर खोजेको चिज भने मरिकाटे पाउन सकिन्न । अहिलेसम्म भएकै यही हो । हामीले चाहना त गऱ्यौं तर आफ्नो भूमिका के हो त्यतातिर ध्यान दिन सकेनौँ वा भ्याएनौँ । फलत केही पनि पाउन सकेनौँ । यही नै समस्या हुन् । अनि यही नै समस्याका कारण पनि हुन् । यसको अर्थ समस्या आफैँमा समस्या नै हुन् भन्ने होइन । ती जीवन जिउने कला नजान्दा वा नसक्दासम्मका लागि मात्र समस्या हुन् । जिउने कला सिक्नासाथ कुनै पनि समस्या समस्याका रूपमा रहन सक्दैनन् । आपितु समस्या नै समाधान बनेर खडा हुन पुग्छन्, सहयोगको हात बढाउन थाल्नेछन् । कुरो सुन्दा आश्चर्य लाग्न सक्छ तर आश्चर्य मान्नुपर्दैन । यो कुनै बनावटी कुरो होइन । जीवनको वास्तविकता नै यही हो । मानिलिनुस् कतै जाँदै हुनुहुन्थ्यो । बाटो बिराएर दु:ख पाउनुभयो । काँडाले कोऱ्यो, ढुङ्गामा ठेस लाग्यो । भीरबाट लडियो, हातगोडा भाँचियो । जबसम्म बाटो पत्ता लगाउन सक्नुभएन दु:ख पाउनुभयो, पाई नै रहनुभयो ।

जब बाटो पत्ता लाग्यो, पत्ता लगाउन सक्नुभयो समस्या स्वत : समाधान भयो । यहाँ समस्या बाटोमा थिएन । समस्या तपाईको अज्ञानमा थियो, बाटो हिँड्ने कलामा थियो, बाटो चिन्न नसक्ने बुद्धिमा थियो । जब बाटो पत्ता लाग्यो समस्या पनि स्वत : समाधान भएर आयो । जीवन जिउने कला पनि त्यस्तै हो । जिउने तरिकामा तालमेल नहुँदासम्म जतातते समस्या देख्नुहुनेछ तर तालमेल हुनासाथ स्वत : समाधान भएर खडा भएको पाउनुहुनेछ । तपाईलाई लाग्न सक्छ त्यो भनेको के हो र कसरी मिलाउने हो तर नआत्तिनुस् । यो कुनै त्यस्तो ठूलो काम पनि होइन र गर्नै नसकिने कार्य पनि होइन । काम अहिले जे गर्दै आउनुभएको छ त्यही नै हो । त्यसलाई गर्ने तरिका मात्र फरक हो । मानिलिनुस् तपाई किसान हुनुहुन्छ, हलो, जुवा, कुटोकोदालो गर्दै आउनुभएको छ । यहाँ पनि गर्ने काम त्यही हो तर गर्ने तरिकामा भने फरक खोज्ने हो, फरकपन ल्याउने हो । अहिलेसम्म जसरी गरिएको थियो त्यसले खासै फल दिएन । यसमा कि रोप्ने ठाउँ नमिलेको हुनसक्छ कि समय अनुकूल नभएको हुन सक्छ कि मलजल नपुगेको हुन सक्छ कि बढी भएको हुन सक्छ । यतिबेला तपाईले गर्ने भनेको पहिले किन त्यस्तो भयो भन्ने कुराको खोजी हो । अनि सोहीअनुसारको खेती प्रणाली अपनाउने हो । यस थप उदाहरणबाट अझ बढी प्रष्ट हुन सक्नुहुन्छ । जस्तै धान रोप्ने भए वर्षाको सिजन आवश्यक पर्ला, आलु, मटर, टमाटरको खेती गर्ने भए सिजन पनि त्यस्तै चाहिएला । साग सब्जीको खेती गर्ने भए त्यस्तै समयको उपयोग गर्नुपर्ला । त्यसलाई चाहिने मलजलमा ध्यान दिने पनि गर्नुपर्ला । तपाई अनुकूल के छ, कुन कामलाई राम्रोसित गर्न सक्नुहुन्छ ।

*जीवन जिउने कला पनि त्यस्तै हो । जिउने तरिकामा तालमेल नहुँदासम्म जतातते समस्या देख्नुहुनेछ तर तालमेल हुनासाथ स्वत : समाधान भएर खडा भएको पाउनुहुनेछ । तपाईलाई लाग्न सक्छ त्यो भनेको के हो र कसरी मिलाउने हो तर नआत्तिनुस् । यो कुनै त्यस्तो ठूलो काम पनि होइन र गर्नै नसकिने कार्य पनि होइन । काम अहिले जे गर्दै आउनुभएको छ त्यही नै हो । त्यसलाई गर्ने तरिका मात्र फरक हो । मानिलिनुस् तपाई किसान हुनुहुन्छ, हलो, जुवा, कुटोकोदालो गर्दै आउनुभएको छ । यहाँ पनि गर्ने काम त्यही हो तर गर्ने तरिकामा भने फरक खोज्ने हो, फरकपन ल्याउने हो । अहिलेसम्म जसरी गरिएको थियो त्यसले खासै फल दिएन । यसमा कि रोप्ने ठाउँ नमिलेको हुनसक्छ कि समय अनुकूल नभएको हुन सक्छ कि मलजल नपुगेको हुन सक्छ कि बढी भएको हुन सक्छ । यतिबेला तपाईले गर्ने भनेको पहिले किन त्यस्तो भयो भन्ने कुराको खोजी हो । अनि सोही अनुसारको खेती प्रणाली अपनाउने हो ।*

कुन स्थानमा कुन चिज बढी खपत हुन्छ, कुन चिजको बढी आवश्यकता छ भन्नेतिर पनि ध्यान दिनुपर्ला । अवस्था अनुकूल पनि हुनैपर्ला । व्यापारी हुनुहुन्छ भने पनि त्यस्तै हो । तपाईले गर्ने व्यापार समयसापेक्ष हुनुपर्ला । गर्मीमा जाडोको कपडा पक्कै नबिक्ला । घना बस्तीको बीचमा हुनुहुन्छ भने तपाईको व्यपारको वस्तु त्यस्तै राख्नुपर्ला । त्यस्ता ठाउँमा साँझ बिहान नभई नहुने सामान दाल, चामल, नुन, चिनी, घ्यु, तेल आदि नै बढी चल्लान् । मोटर, कार, ठूला, ठूला उद्योग, कलकारखानाका सामान लिएर बस्दा नहोला । यस्ता सामानका लागि स्थान पनि त्यस्तै चाहिएला । त्यस्तै खोजी गर्नुपर्ला । प्राय : हामी एक्लै हिँड्न चाहन्छौँ, एक्लै हिँड्ने, एक्लै बस्ने हाम्रो बानी छ । एक्लै खान रुचाउँछौँ, एक्लै बोल्न मन पराउँछौँ । हामीमा आफू मात्र ठीक अरू सबै बेठीक देख्ने रोग लागेको छ । आफू हिँडेको बाटो मात्र ठीक, आफू बसेको धरातल मात्र ठीक, आफूले देखेको र बोकेको संसार मात्र ठीक अरू सबै बेठीक भन्ने गर्छौं । यसैले हामीलाई मिल्न दिएको छैन । आपसमा झगडा पारिदिएको छ । अनादिकालदेखि चल्दै आएको यो रोग अहिले पनि उस्तै छ र सम्भवत : यस्तै अवस्था रहे भोलि पनि यस्तै हुनेछ । यदि हामीले आफ्नो आवश्यकता बुझेर त्यसलाई प्राप्त गर्ने तरिका र प्राप्त गर्न आफूले पूरा गर्नुपर्ने दायित्वतर्फ ध्यान दिन थाल्यौं भने जीवनमा न अभाव हुनेछ न भएन र पुगेन भनेर गुनासो गर्ने अवस्था आउनेछ ।

*-रातोपाटी डटकम*

# तानसेनमा निकालियो शीतला देवीको रथ यात्रा



**भरत शर्मा**

**पाल्पा,** चैत २०/१०१ वर्ष पुरानो तानसेन नगरपालिका-७ स्थित देवीडाँडामा रहेको शीतला देवीको रथ यात्रा निकालिएको छ । धार्मिक विधिपूर्वक पूजाआजा गरी रथ निकालिएको हो ।

रथ यात्रा सुरु हुनु अघि स्थानीयबाट पूजा गर्नुको साथै दि फेमस महिन्द्र दल गणका सेनाका अधिकृतबाट पूजा गरी तोप पड्काएर रथ यात्रा शुभारम्भ गरिएको थियो । रथ यात्रामा पञ्चेबाजासहित नेपाली सेना, प्रहरी, स्थानीय भजन, विभिन्न टोल विकास संस्था, सामाजिक सघंसस्था र विद्यालयका शिक्षक विद्यार्थीहरुको सहभागिता रहेको थियो । रथ यात्रा देवीडाँडा हुँदै चुच्चेबारी, बाँसटारी प्रवास हुँदै पुन: मन्दिरमा पुगी विसर्जन गरिएको थियो । मन्दिरमा पूजाआजा गरी भाकल गरेमा चिताएको कुरा पुग्ने जनविश्वास रहेको छ । जसका कारण मन्दिरको गरिमा समेत बढेको छ । स्थानीय हरिप्रसाद कोइरालाले सपनामा देवीलाई देखेर देवीले उल्खनन् गर्ने ठाउँ बताएपछि कोइरालाले त्यहाँ उत्खनन गर्दा मूर्ति भेटिएको थियो । भेटिएको उक्त मूर्ति डाँडामा राख्न मन्दिर स्थापना गरिएको मन्दिर व्यवस्थापन समितिका सल्लाहकार विश्वराज पौडेलले बताए । यहाँ प्रत्येक वर्ष शीतला अष्टमीका दिन देवीको रथ यात्रा निकाल्ने प्रचलन रहेको समितिका सचिव केशव अधिकारीले बताए । मन्दिरमा नित्य पूजा हुनुका साथै प्रत्येक महिनाको १ गते विशेष पूजा हुने गर्दछ । मन्दिरको पूजा आरधाना र व्यवस्थापनका लागि स्थानीय समाजसेवी र वडाबाट सहयोग गरिदै आएको वडा अध्यक्ष प्रदीप खनालले बताए । उनले ऐतिहासिक मन्दिर र यहाँबाट निकालिने देवीको रथ यात्राको प्रचार-प्रसार गरी यस क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने गरी आफुहरु अगाडि बढेको जानकारी दिए । स्थानीय त्रिलोचन पौडेलले मन्दिरलाई थप व्यवस्थित गर्न भौतिक अवस्थामा सुधार गर्न जरुरी रहेको बताए । उनले भने 'मन्दिरको भौतिक अवस्था सुधार गर्न आवश्यक छ । त्यसका लागि हामीहरुले आर्थिक संकलन अभियान सुरुवात गरेका छौं ।' तानसेनमा रहेका यस्ता ऐतिहासिक महत्वका धार्मिक मठ मन्दिरहरुको संरक्षणर प्रवर्द्धनमा स्थानीय सरकारले ध्यान दिनुपर्ने स्थानीयहरुको भनाई छ । उनीहरुले पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण र कला संस्कृतिको जर्गेना गर्ने दायित्व स्थानीय सरकारको समेत रहेकाले वार्षिक बजेट नै छुट्याउनु पर्ने बताए ।

# डेंगुबाट बच्न सचेतना अपनाउन आग्रह

**पाल्पा,** चैत २१/स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डेंगुको जोखिम बढिरहेकाले सतर्कता अपनाउन सबैमा आग्रह गरेको छ । गर्मीयाम सुरु भएसँगै डेंगुको जोखिम बढ्न थालेको भन्दै मन्त्रालयले सचेतना अपनाउन आग्रह गरेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले गर्मीसँगै पानी पनि पर्न सुरु हुने भएकाले डेंगुको जोखिम बढ्ने बताएको छ । डेंगुको सङ्क्रमणबाट बचन सचेतना अपनाउनुपर्ने महाशाखाले भनेको छ । जोखिम हुने ठाउँको पहिचान गरेर लामखुट्टे मार्न अभियान सञ्चालनका लागि मन्त्रालयले स्थानीय तहलाई निर्देशन समेत दिइसकेको छ । गर्मीसँगै पानी संकलन गरेर राख्ने गरिन्छ । यसरी संकलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ । सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ । डेंगु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती




फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि टोकेमा डेंगु लाग्दछ । डेंगु हुँदा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्नेलगायत लक्षण देखापर्ने चिकित्सकहरु बताउँछन् । यदि लक्षण देखापरेमा तत्काल चिकित्सकको सल्लाह लिन महाशाखाले आग्रह गरेको छ । लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्ने, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न सबैमा महाशाखाले सुझाव दिएको छ ।

# व्यवसायिक आलु खेतीबाट...

...बम्घाको टाहाटिमका किसान पूर्खौदेखि आलु खेती गर्दै आइरहेका छन् । आलु खेतीका लागि उर्वरभूमि भएका कारण त्यस क्षेत्रमा अन्य खेतीको तुलनामा मनग्य रुपमा आलु उत्पादन हुने गर्दछ । पछिल्लो समयमा अधिकांश ठाउँमा आलु उत्पादक किसानलाई आलुमा लाग्ने कमिलो र डढेलो रोगका कारण पिरोली रहन्छ । बम्घामा भने कमिलोभन्दा समय समयमा डढेलोको प्रकोप बढी देखिने गरेको बताइएको छ ।

कृषि ज्ञान केन्द्रले जिल्लाको मुसिकोट नगरपालिका-१ अन्तर्गत भर्माचौर, सत्यवती गाउँपालिकाको साहघाट, मदाने गाउँपालिका ६ अन्तर्गत सिम र मालिका गाउँपालिकाको अर्खाबाङ्मा आलुको पकेट क्षेत्र बनाई व्यावसायिक रुपमा आलु र आलुको बीउ उत्पादन गर्दै आइरहेको छ । *-रासस*

## खेलकुद समाचार

### नेपाल २१ रनले पराजित

**काठमाडौं,** चैत २१/कमजोर ब्याटिङसँगै नेपाल ए पहिलो एकदिवसीय अभ्यास खेलमा आयरल्यान्ड ए सँग २१ रनले पराजित भएको छ । १५८ रनको सामान्य लक्ष्य पछ्याएको नेपाल २५.३ ओभरमा १३६ रनमा अल आउट भयो । नेपालका साहब आलमले ३४ बलमा ४ चौका र १ छक्कासहित सर्वाधिक ३७ रन बनाए । देव खनाल २२ बलमा ४ चौकासहित २६ रनमा आउट भए । नेपाललाई ओपनर अर्जुन कुमाल र देव खनालले ५ ओभरमा ३५ रनको साझेदारी गर्दै राम्रो सुरुवात दिलाएका थिए । छैटौं ओभरको पहिलो बलमा लियाम म्याकार्थीको बलमा सर्ट कभरमा देव केडबाट क्याच आउट भएपछि नेपालले नाटकीय रुपमा विकेट गुमाएको थियो । यसै ओभरको अन्तिम बलमा अर्जुन कुमाल थर्डम्यानमा ९ रनमा क्याच आउट भए । नेपालका कमलसिंह ऐरीले ६.३ ओभरमा १ मेडनसहित २१ रन खर्चेर ४ विकेट लिए ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अंकले घट्यो

**पाल्पा,** चैत २१/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट आएको छ । कारोबारको चौथो दिन बुधबार नेप्से परिसूचक ३.४३ अंकले घटेर २ हजार ६ दशमलव ७८ विन्दुमा कायम भएको हो । सेन्सेटिभ इण्डेक्स ०.१२ प्रतिशतले घटेर ३ सय ५५ दशमलव ७७ विन्दुमा अडिएको हो ।

यसअघि पहिलो कारोबार दिन आइतबारदेखि ओरालो लागेको नेप्से परिसूचक चौथो दिन पनि सोही बाटोलाई निरन्तरता दिएको छ । बैंकिङ शून्य दशमलव ३५, विकास बैंक शून्य दशमलव ६३, वित्त शून्य दशमलव ६३, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव ३९, लगानी शून्य दशमलव १८, निर्जीवन बीमा शून्य दशमलव ०२ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेका छन् । कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९७ र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको नौ दशमलव ९१ प्रतिशतले बढेको छ ।

सबैभन्दा धेरै घट्नेमा भने रिभर फल्स पावर लिमिटेडको शेयर मूल्य चार दशमलव ४० र मन्दाकिनी हाइड्रोपावर लिमिटेडको चार दशमलव ०८ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २५ करोड ८० लाख ५९ हजार एक सय १६ बराबरको चार लाख ९४ हजार सात सय ४५ कित्ता शेयर किनबेच भएको छ ।

Chandrakot Rural Municipality
ce of Rural Municipal Executive
Shantipur, Gulmi
Lumbini Province, Nepal

## Notice for Invitation of Sealed Quotation

**Date of Publication: 4rth March, 2024 (2080/12/22)**

**1.**Office of Rural Municipal Executive, Chandrakot Rural Municipality (CRM), Shantipur, Gulmi has received funds from Government of Nepal (GON) and intends to apply part funds to cover construction and supply works of below mentioned contracts.

**2.** Bidders can get further information from Office of Chandrakot Rural Municipality, Shantipur, Gulmi (Phone No. 9857067920) during office hours.

**3.** A complete set of bidding documents in English may be purchased by the interested bidders upon submission of a written application to the CRM Office, Gulmi and voucher of payment of a non-refundable fee (to be deposited in below mentioned bank). Bidding documents can be purchased within office hours till 18thApril, 2024 (2080/01/06).

**Information to deposit the cost of bidding document in Bank:**
**Name of Bank :** Nepal Bank Ltd., Shantipur, Gulmi
**Name of the Office :** Chandrakot Rural Municipality
**Office Code no :** 80105206
**Office Account no :** 23503000001001000001
**Cost of bidding document** = NRs. 1000.00

**4.** Sealed quotations must be submitted to Chandrakot Rural Municipality Office, Gulmi on or before 12:00 hrs of 19thApril, 2024 (2080/01/07).

**5.** Submitted bids shall be opened in the presence of interested bidders' representatives, who choose to attend in person at 13:00 hrs on 19thApril, 2024 (2080/01/07)

**6.** Bids must be valid for a period of 45 days from bid opening date and must be accompanied by a bid security issued by "A" class commercial banks approved by Nepal Rastra Bank (conforming to standard format as specified in bid document) amounting as specified below, which shall be valid for at least 30 days beyond the validity period of the bid.

**7.** If pre-bid meeting, last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day.

**8.** The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract ID | Name of Project | Estimated amount without VAT (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|
| CRM-GUL-SQ-W-02-2080-081 | Construction of Tribenikhola-Gwagha-Harewa-Chisapani- Shantipur - Rohatekhola Road of Chandrakot Rural Municipality-4, Shantipur, Gulmi | 1,288,185.19 | 35,000/- |
| CRM-GUL-SQ-W-03-2080-081 | Construction of Gwagha Secondary School | 1,158,767.81 | 32,000/- |

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई